Jana Aakash
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष -१५ , अंक- ४६, २०८० साल असार १२ गते मंगलबार (Jun 06,2023) www.janaakash.com.np

जन आकाश प्रा.लि. बाट प्रशारित
WWW.janaakash.com.np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक , पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा काष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघंसंस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email : janaakash@gmail.com

# देशभरीका स्थानीय तहहरूमा नीति, कार्यक्रम तथा बजेट सार्वजनिक

**मोहन कार्की ।**

काठमाडौं । देशका ७५३ स्थानीय तहहरु मध्य केही विवादीत भएका स्थानीय तहहरुमा बाहेक अधिकाँस स्थानीय तहमा नीति, कार्यक्रम तथा बजेट सार्वजनिक भएको छ ।

नेपालको २०७२ को संविधानमा व्यवस्था भए बामोजिम जेठ १५ भित्र संघले असार ३ गते भित्र प्रदेशले र असार १० गते भित्र स्थानीय तहहरुले आर्थिक बर्षको नीति, कार्यक्रम गरिसक्नु पर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम नै स्थानीय निकायह रुले तोकेकै समयमा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरेका गरेका हुन् ।

केन्द्रीकृत राज्य प्रणाली लाई बिकेन्द्रीकृत बनाई देशको विकास गर्नुपर्छ भन्ने बाबुराम भट्टराईले नेपालका भुगोलहरुको अध्ययन गरी जनयुद्ध कालमा नै प्रस्ताव गरेको स्थानीय तहको परि कल्पना २०६२/६३ को जन आन्दोलन र भारतको २०६२ मंसिर ७ गते दिल्लीमा भएको १२ बुदे सम्झौता भई २०६४ सालमा संविधानसभाको निर्वाचन भएको थियो । उक्त निर्वाचनले संविधान निर्माण गर्न २ बर्षको समय तोकेको थियो । तर संविधानसभाले तो केको समयमा नयाँ संविधान जारी गर्न नसकेर आलोपालो प्रधानमन्त्रीमा कहिले कुन पार्टीले कुन पार्टीको प्रधानमन्त्री बनाउने र विदेशी अनुकुलको खोज्ने शक्तिशाली राष्ट्रहरुको चलखेल र नेपाल कै राजनीतिको जोडघटाउले २०६६ मंसिर २१ गते नै नयाँ संविधान जारी गरेर देशलाई विकासको गतिमा लानुपर्ने थियो । तर त्यसो



बाँकी ६ पृष्ठमा

# मेयर बालेन्द्र शाह विरुद्ध सर्वोच्च अदालतमा निवेदन दर्ता



काठमाडौं । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले अदालतको अवहेलना गरेको भनी सर्वोच्च अदालतमा निवेदन दर्ता भएको छ ।

अधिवक्ता वर्षाकुमारी झाले मेयर शाह विरुद्ध अदालतको अवहेलनामा कारवाही हुनुपर्छ भनी निवेदन पेश गरेकी हुन् । उनले पेश गरेको निवेदन न्यायाधीश प्रकाशकुमार ढुंगानाको एकल इजलासमा पेशी तोकिएको छ । इजलासले आवश्यक ठानेर निवेदन अघि बढाएमा मात्रै त्यसले मुद्दाको रुप लिनेछ ।

केही दिनअघि मेयर शाहले भारतीय चलचित्रलाई नेपाली हलमा चलाउन नदिने भन्ने आफ्नो निर्णय विरुद्ध अन्तरिम आदेश दिएको उच्च अदालतको आलोचना गरेका थिए । उनले उक्त आदेशको आफूले पालना नगर्ने भन्दै अदालत नै भारतबाट प्रभावित भएको आरोप लगाएका थिए ।

# थाहा अभियन्ता रुपचन्द्र बिष्टको २४ औं समृति सभा सम्पन्न

काठमाडौं । रुपचन्द्र बिष्ट स्मारक समिति नेपालको आयो जना तथा मकवानपुरे समाज काठमाण्डूको प्रायोजनमा थाहा दर्शनका अभियन्ताका रुपमा परिचित स्वर्गीय रुपचन्द्र बिष्टको २४औं स्मृति दिवस सम्पन्न गरिएको छ ।




स्व. बिष्टको स्मृतिमा नेपाल प्रज्ञा प्रतिष्ठानमा आयो जना गरिएको कार्यक्रममा रुपचन्द्र बिष्ट स्मारक समिति नेपालका अध्यक्ष तथा पूर्व र ाष्ट्रीय सभा सदस्य रामनार ायण बिडारीको सभापतित्वमा नेपाली कांग्रेसका नेता अर्जुन नरसिंह केसी,नेकपा एमालेका प्रदेश सचिव बिजय सुवेदी, ने कपा माओवादीकी नेतृ शसी श्रेष्ठ त्रिभुवन बिश्व बिद्या लयका प्राध्यापक चिरंजीवी खनाल तथा परराष्ट्रबिद् एवं र ाजनितज्ञ हिरण्यलाल श्रेष्ठको आतिथ्यताका साथै सयौं जनमानसको उपस्ि थतिमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा मक वानपुरे समाज काठमांडूका अध्यक्ष अरुण गुरुंगद्वारा सह भागी हरुलाइ स्वागत मन्तव्य राखिएको थियो । स्वागत मन्तव्यका क्रममा समाजका अध्यक्ष गुरुंगद्वारा रूपचन्द्र बिष्टको जनमुखि सक्रियताको चर्चा गर्दै उनि सिंगो युगको प्रतिनिधि रहेको उल्लेख गरे का छन् । कार्यक्रममा नेकपा एमालेका नेता बिजय सुबे दीले आफ्नो भूमिगतकालमा रूपचन्द्र बिष्ट संग संगत भएको र उक्त समयमा आफू स्वर्गीय बिष्टको अनुयायि भएर फर्किएको उल्लेख गर्दै जनता जाननीय नभइ तीनका प्रतिनिधि माननीय हुन सक्दै नन् त्यसैले जनता जगाउने आफ्नो अभियान निरंतर जारी रहने भन्ने बिष्टका आदर्श जीवन्त रहेको उल्लेख गरेका छन् ।

उक्त कार्यक्रममा र ाज नितिज्ञ तथा परराष्ट्रबिद् हिरण्यलाल श्रेष्ठले संयोगबश आफूले स्वर्गीय रूपचन्द्र बिष्टको बिरुद्धमा चुनाव लड्नु

बाँकी ६ पृष्ठमा



...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सुजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

### स्थानीय निकायहरु पार दर्शी हौउन् ।

२०७४ सालवाट अभ्यासमा आएको स्थानीय निकाय अर्थात स्थानीय सरकारका मुकाम मात्रै ७५३ रहेका छन् । यि निकायहरुलाई बढी अधिकार शक्तिशाली बनाई केन्द्रीकृत राज्य प्रणालीवाट विकास हुन सकेन भन्ने बुझाई राख्नेहरुको विकल्पमा सिधै स्थानीय निकायमा अधिकार दिएर स्थानीय जनताले आफ्नो बिकास आफै गरुण भन्ने उदेश्यले स्थानीय ऐन २०७४ व्यवस्था लागु भएको थियो ।

विगत २०५८ सालदेखि स्थानीय निर्वाचन हुन सकेको थिएन । जन प्रतिनिधि विहिन बनेका थिय । अर्को कारण माओवादी जनयुद्धको त्रासदीले स्थानीय निकाय विशेष गरेर भौगोलिक कठिनायी भएका जिल्लाहरुमा त सरकारी कर्मचारीहरुको उपस्थिति समेत हुन छाडेको थियो । र सवै जिल्लाका सदरमुकाममा केन्द्रीयत थिए ।

विगतको काहाली लाग्दो अवस्थालाई विर्सनलाई २०६३/६३ को जन आन्दोलनले माओवादीलाई जगलवाट, भारतवाट नेपालको सरकारको सत्ता समाल्न सरकारमा ल्याएपछि बनेको संविधानसभा २ निर्वाचन पछि बनेको २०७२ सालको संविधानले तीन तहको सरकार संघियता सहितको संविधान स्थानीयमा जनताको अधिकार भन्ने नारा नै उल्लेख थियो । त्यो संविधानले व्यवस्था गरे बमोजिम कार्यन्वयनमा ल्याउनको लागि २०७४ सालको स्थानीय निर्वाचन त्यो तीनपटक गरेर गर्नु परेको थियो । त्यसपछि कार्यन्वयनमा आएको स्थानीय शासन ऐनले गाउँ वस्तीहरुको विकासको मोडालिटी तय भएको हो ।

जसमा टोल भेला, गाउ भेला, वडा भेला हुदै पालिकास्तरीय सभामा परिणत गरेर जनताले तय गरेको योजनाहरुलाई प्रथामिकतामा राखेर काम गर्ने नीति लागु गर्ने व्यावस्थामा उल्लेख छ ।

तर नेपालमा विगतमा जसरी एमाले, काँग्रेस, राप्रपा जिल्लाका नेता चुनिएर सदनमा जान्थे त्यसैगरी २०६२/६३ को जनआन्दोलन पछि काँग्रेस, एमाले, राप्रपा त छदै थियो त्यसमा माओवादी,तराई लोकतान्त्रिक पार्टी, जनता पार्टी जस्ता पार्टीहरु पनि थपिए र यिनै पार्टीहरुको कार्यकर्ताहरु उम्मेद्वार भए र तिनैले स्थानीय निर्वाचनमा जितेका थिए । ति स्थानीय सरकार अर्थात पालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, वडा सदस्यहरु जसलाई समग्रमा कार्यपालिका सदस्यहरु भनिन्छ । उनिहरुले गर्ने काम जनताको पक्षमा, जनताले तय गरेका योजनाहरु भन्दा पनि जुन पार्टीले त्यस स्थानीय निकायमा जितेको छ । त्यसै पार्टीको सरकार जस्तो गरी शासन चलाएको देखिन पुग्यो । उनिहरुले आफ्ना कार्यकर्तालाई स्थानीय निकायमा करारमा भर्ति गर्ने भर्ति केन्द्र नै बनाए, अर्को विकास लगायत पालिकाका भएभरका कार्यक्रमहरु पार्टीका कार्यकर्तालाई मात्र छानेर दिने गरेका थिए, सर्व साधारण जनताको सुनुवाई कतै भएन अझ डरलाग्दो बिषय कतै कतै त जुन जातले जितेको छ । जातियकरण समेत गरेर निलज्जा प्रस्तुत गरेका जातिय दोयष बढाउन पनि काम गरेको देखियो ।

२०७४ सालको स्थानीय निर्वाचनवाट आएका स्थानीय सरकारले केही अपवादमा वाहेक कुनै पनि स्थानीय अधिकार प्रयोग गरेर स्थानीय निकायको विकास गर्न सकेको देखिदैन ।

अहिले पुनः २०७९ स्थानीय निर्वाचन भएको छ । जनप्रतिनिधिहरु उही एमाले, काँग्रेस,माओवादी, राप्रपा, लोकतान्त्रिक समाजवादी पार्टी, केही स्थानमा पार्टीका नेता कर्यकर्ताहरुले आफ्नो पार्टी, संगठन वाहेकका जनतालाई व्यवास्ता गरेका कारण जनताले केही स्थानहरुमा स्वतन्त्र उम्मेद्वारहरुलाई मतदान गरी जिताएका छन् । उदारणका लागि काठमाडौ महानगरपालिका, धरान उपमहानगरपालिका प्रमुख र त्यसैगरी अन्य स्थानीय निकायहरुमा वडा अध्यक्षहरु जिताएर नेपाली सदभाव, समतामुलक समाजको निर्माण र पारदर्शी ढंङगावाट काम गर्ने थालनी होस् भन्ने जनताको जनमत देखिन्छ । जनताले स्वतन्त्र उम्मेद्धारलाई जनमत दिएका क्षेत्रहरुमा परिणाम पनि आउन थालिसकेको छ ।

तर यता राजनीतिक पार्टीका नेता कार्यकर्ता बनेर त्यही पार्टीको टिकटवाट स्थानीयमा निर्वाचित भएकाहरुले आफ्ना पार्टीहरुको साख गिर्दै गएको र आउदो दिनमा के हुने हो के भनेर सोच राखि यतिवेला पाएको मौकामा हान चौका भनेर पार्टीका कार्यकर्ता भर्ति गर्ने अपारदर्शि ढंङगवाट काम गर्ने चलन देखिदै आएको छ । यस्ता काम छोडेर जनताप्रति जवाफदेही, समाजप्रति उत्तरदायी, देशप्रति जिम्मेवारी बहन गरेर पारदर्शिता कायम गरी राष्ट्रप्रति जिम्मेवारी पुरा गरुण ।

# भिडतन्त्रले संकटमा परेको लोकतन्त्र



अग्रलेख

● ताराप्रसाद ओली

पछिल्लो समय भिडको तागतसामु राज्यका संयन्त्र निरीह बन्दा विधिको शासनको अवधारणाअनुसार मुलुक चल्न सकेको छैन केही दिनअघि काठमाडौं महानगरका बहालवाला प्रमुख बालेन्द्र साहले आफ्नो विपक्षमा आदेश आएपछि अदालतको फैसला नमान्ने सार्वजनिक घोषणा गरे । नगर प्रमुख साहलाई साहसी र हिम्मतवाला नेताको उपमा दिँदै सामाजिक सञ्जालमा उनको चको समर्थन देखियो । तथ्यहरूको परीक्षण, सत्यताको खोजी र अध्ययन अनुसन्धान तिर नलागी समाजका शिक्षित, चर्चित र आशालाग्दा व्यक्तिबाट समेत अदालतप्रति वितृष्णा फैलाउने खालका सतही टीकाटिप्पणी गरिए । विषयवस्तुको गहिइ वा वास्तविकतामा प्रवश नगरी धारणा बनाउने र जनमत सिर्जना गर्ने शैलीले लोकतान्त्रिक प्रणाली कमजोर हुँदै छ । पछिल्लो समय भिड निकै बलशाली बन्दै गएको छ, भिडको तागतसामु राज्यका संयन्त्र निरीह बन्दा विधिको शासनको अवधारणाअनुसार मुलुक चल्न सकेको छैन । हरेक विषयको छिनोफानो भिडले गर्ने परिपाटीको विकास हुँदै गर्दा लोकतन्त्रमाथि खतरा उत्पन्न भएको छ ।

विधिको शासनको अवरोधक भिडतन्त्र : संविधानका अक्षर प्रस्ट छन्, मर्म स्पष्ट छ, मुद्दा मामिलाको रोहमा अदालतको आदेश एवं फैसला सबैले पालना गर्नुपर्छ, न्याय सम्पादनमा अवरोध गरेमा तथा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलना हुन्छ । लोकतन्त्रमा स्वतन्त्र न्यायालयको अवधारणालाई अस्वीकार गर्न मिल्दैन ।

न्यायालयको फैसलाउपर प्राज्ञिक, सैद्धान्तिक वा वैचारिक चिरफार र बहस हुन सक्छ । स्वस्थ आलोचना, टिप्पणी र बहसबाटै सुदृढ लोकतन्त्र अनि स्वतन्त्र र सक्षम न्यायपालिका निर्माण हुने हो । अदालती फैसलामाथिको निर्मम टिप्पणीले अदालतलाई सही दिशानिर्देश गर्न सक्छ, तर स्वतन्त्र न्यायपालिकाको अवधारणा माथि धाबा बाल्न मिल्दैन । राजनीतिज्ञसँग प्रचुर जनमत हुन्छ, जनताबाट निर्वाचित हुने जनप्रतिनिधिसँग जनसमर्थन हुनु स्वाभाविक हो । जनसर्मथनको आडमा शासकीय जिम्मेवारीमा रहेका शासकले स्वतन्त्र न्यायपालिकाको हुर्मत लिन पाइँदैन । जनताको विश्वास र समर्थनको दुरुपयोग गर्दै जाने हो भने लोकतन्त्र जिउँदो र हँदैन । कार्यकारीको स्वेच्छाचारितालाई लगामल गाउँदै जनअधिकार रक्षा गर्नु स्वतन्त्र न्यायपालिकाको आधारभूत दायित्व हो । राजनीतिज्ञमा लोकतन्त्र, लोकतान्त्रिक मूल्य-मान्यता र कानुनी राज्यप्रति गहिरो विश्वास भएन भने लोकतन्त्र संस्थागत र सुदृढ हुँदैन । राज्य सञ्चालकहरू नै राज्यको एक महत्वपूर्ण अंगविरुद्ध घृणा जगाउँदै न्यायालय विरोधी जनमत तयार गर्नतिर लाग्ने हो भने मुलुकमा कहालीलाग्दो अवस्था सिर्जना हुनेछ । के न्यायालयले विश्वास गुमाएको हो ? अदालतका त्रुटिपूर्ण फैसला न्यायिक प्रक्रियाबाटै सच्चिन्छन । न्यायालय जनताको आशा, आस्था, विश्वास र भरोसामा टिकेको हुन्छ । न्यायको मन्दिरमाथि घृणा फैलाएर लोकतन्त्र बलियो हुँदैन । मुद्दा मामिलाको रोहमा अदालतको फैसला अकाट्य, अन्तिम र बाध्यकारी हुन्छ । जतिसुकै असन्तुष्टि भए पनि अदालती फैसलाको सम्मान, स्वीकार र पालनाको विकल्प छैन ।

नेपालको न्यायपालिकाभित्र विकृति र विसंगति नभएका होइनन । राज्यका अन्य अंग र निकायजस्तै न्यायपालिका पनि समस्याग्रस्त नै छ । न्यायालयको शुद्धीकरण, सुदृढीकरण र पुनर्संरचनाको अभियान सुरु गर्न ढिलो भइसकेको छ । न्यायालय एवं न्यायालयका फैसलाको अनादर र अवज्ञाले न्यायालय सुधारको अभिभारा पूरा हुन सक्दैन ।

न्यायालय प्रति अनास्था र घृणा फैलाएर होइन, संवैधानिक र नीतिगत भ्रष्टता, बेइमानी, जालसाजी र त्रुटिलाई सच्याएर न्यायको मन्दिरको गरिमा रक्षा गर्नुपर्छ । कुनै मान्य सिद्धान्त, मापदण्ड र पद्धतिविनै कानुन व्यवसायीको लाइसेन्स खल्तीमा भएका आधारमा न्यायको मर्म बुझ्न नसक्ने अक्षम र अयोग्य पात्रलाई राजनीतिक आबद्धता तथा भागबन्डाको विधिबाट न्यायाधीश नियुक्त गरेपछि न्यायिक विचलन आउनु स्वाभाविक हो । न्यायाधीश नियुक्तिमा फस्टाएको नातावाद र नेतावाद अन्त्य नगर्ने हो भने न्यायपालिकाले जनविश्वास आर्जन गर्न र जोगाउन नसक्ने पक्का छ । उपल्लो तहको अदालतलाई नातागोताको क्लब र राजनीतिक भर्ती केन्द्र बन्नबाट जोगाउने अभियान थालनी गर्नु जरुरी छ ।

नकारात्मक ऐक्यबद्धताको लहर : 'एज अफ एंगर'का लेखक पंकज मिश्रले कुनै घटनाप्रति व्यापक स्तरमा जन्मिने नकारात्मक ऐक्यबद्धताले संसारलाई बर्बाद पार्ने चेतावनी दिएका छन । पछिल्लो समय आमजनतामा नकारात्मक चेत हाबी हुँदै गएको छ । बहुलवादी, लोकतात्रिक र शिक्षित समाजमा कुनै एजेन्डामा मत विभाजन हुनु स्वाभाविक हो ।

विभाजित समाजमा हरेक मुद्दामा मतैक्य सम्भव छैन । न्यायालयले गरेको निर्णयलाई चुनौती दिँदै अवज्ञाको घोषणा गर्ने र त्यसलाई नागरिक स्तरबाट समेत समर्थन प्राप्त हुने कार्य सभ्य तथा लोकतान्त्रिक समाजमा स्वीकार्य र शोभनीय हुन सक्दैन । मुलुकको स्थापित विधि र अभ्यासलाई भत्काउने खालको अभिव्यक्ति विरुद्ध जनस्तरबाट प्रतिवाद हुनुको साटो अझै दुरुत्साहन दिनु दुःखद छ । चेतना, विवेक र तर्कशून्य भिडले मुलुकलाई बर्बादीको बाटामा लैजाने खतरा रहन्छ ।

नकारात्मक कुरामा चाँडै विश्वास गर्दै ऐक्यबद्धता जनाउने संस्कृति मौलाउँदै जाँदा कठोर साधना, कडा मिहिनेत र निकै लामो समय खर्चेर आर्जन गरेको व्यक्तित्व समेत क्षणभरमै सखाप भइदिन्छ । यस्तो परिस्थिति सिर्जना भएमा न्यायमूर्तिहरू फैसला गर्न डराउने, पन्छिने र भिडबाट प्रभावित भएर फैसला गर्ने अवस्था सिर्जना हुन सक्छ । शासकमा शक्ति पृथकीकरणको सिद्धान्त, संवैधानिक व्यवस्था र विधिको शासनप्रति लगाव नरहने हो भने मुलुक असफल राष्ट्र बन्ने खतरा रहन्छ । तथ्यहरूको कुनै विश्लेषण र मूल्यांकन नै नगरी कसैविरुद्ध सामूहिक रूपमा हमला गर्ने परिपाटी उचित होइन । किन हाबी हुँदै छ भिडतन्त्र ? : स्वतन्त्र, निष्पक्ष र तटस्थ रहनुपने संस्थाको तीव्र क्षयीकरण नै भिडतन्त्र निर्माणको कारक हो । छिटो परिणाम खोज्ने र फिल्मी शैलीमा समाधान चाहने स्वभावले भिडतन्त्र हाबी हुँदै जान्छ । विधिको शासन कमजोर हुँदै गर्दा 'हिरोइज्म' देखाएर सेलिब्रेटी बन्न खोज्ने प्रवृत्तिको विकास हुन्छ । 'सेलिब्रेटी सिन्ड्रोम' विधिको शासनको शत्रु र चुनौती हो । सार्वजनिक पदाधिकारीले सस्तो लोकप्रियता र चर्चाका लागि प्रचलित विधि र कानुनको उपहास गरेर काम गर्दा जनस्तरबाट खबरदारी हुनुपर्नेमा उल्टै व्यापक जनसमर्थन प्राप्त हुनु लोकतन्त्रका लागि निकै डर लाग्दो पक्ष हो ।

आजको दिनमा नेता र नीतिले नभई भिडले नेतृत्व लिन खोजेको देखिन्छ । उत्तेजना, आक्रोश र बदलाभावले प्रेरित भिडबाट निर्णय गराउन खोज्नु भिडतन्त्र (मोबोक्रेसी) हो । भिडका अगाडि तथ्य, तर्क र विवेकको स्थान हुँदैन । भिडले मुलुकका जल्दाबल्दा मुद्दामा हुने सैद्धान्तिक, बौद्धिक र वैचारिक बहसलाई निषेध गरिदिन्छ । चलचित्रमा हिरो एक्लै वा समूहले कानुन हातमा लिएर न्याय दिएका दृश्य देखाइन्छ । फिल्मले न्यायिक प्रक्रियाबाट न्याय नहुने सन्देश प्रवाह गर्दै विद्रोहका लोकतन्त्र लागि आह्वान गरेका हुन्न ।

बाँकी ६ पृष्ठमा

# पोखरा विमानस्थलमा पहिलो अन्तर्राष्ट्रिय व्यावसायिक जहाज अवतरण

पोखरा – सञ्चालनमा आएको ६ महिनापछि पोखरा अन्तर र्ाष्ट्रिय विमानस्थलमा बुधबार पहिलो अन्तर्राष्ट्रिय चार्टर उडान भएको छ । चीनको छेन्दु-तियान्फु अन्तर्राष्ट्रिय विमानस्थलबाट आएको सिचुवान एयरलाइन्सको चार्टर विमान बुधबार बिहान ९ बजेर ६ मिनेटमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको हो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि विदेशी वायुसेवाले गरेको यो पहिलो उडानसमेत हो । सिचुवान एयरलायन्सको विमानले पोखरामा असार ८ र ९ गते नेपाल-चीन फ्रन्डसीप ड्रागन वोट फेस्टिभलका लागि चिनियाँ पर्यटक तथा खेलाडीहरुलाई चार्टर उडानबाट ल्याएको हो ।

राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित १ सय ३० जना यात्रु बुधबार चीनबाट सिधै पोखरा उत्रिएका हुन् । राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिनासहित सांसदहरू प्रदीप यादव, धवलशम्शेर जबरा, दिपा गुरुङ, उदयबहादुर बोहोरा, हरिशंकर चौधरी र जीवन परियार पनि त्यही विमानबाट अवतरण गरेका छन् ।



सिचुवान एयरलाइन्सको विमान बुधबार नै पोखराबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा अवतरण भई काठमाडौंबाट नियमित उडानमार्फत छेन्दु फर्किने तालिका रहेको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलो जेट विमान यसअघि २०२३ जनवरी १ तारिखका दिन हिमालय एयरलायन्सको अवतरण भएको थियो । हिमालयले पहिलो डेमो उडानमा एयरबस ए-३२० विमान काठमाडौंबाट उडाई पोखरामा अवतरण गराएको थियो ।

# हिमालय एअरलाइन्सद्वारा नियमित उडान सञ्चालन

काठमाडौं । नेपाल - हिमालय एअरलाइन्स्ले काठमाडौं र बेइजिङबीचको नियमित उडान सञ्चालन गर्ने भएको छ । यस नयाँ सेवाले बेइजिङ र काठमाडौं घुम्न चाहने यात्रुहरूलाई सहज र प्रभावकारी यात्रा विकल्प प्रदान गर्नेछ। यस रुटको उडान पुनः सुचारु हुँदा नेपालको पर्यटन र व्यापारमा टेवा पुग्ने एअर लाइन्स्को विश्वास रहेको छ ।




काठमाडौं-बेइजिङ-काठमाडौं रुट जुन २४, २०२३ देखि हरेक शनिबार सञ्चालनमा आएको छ । चीनका लागि नेपाली र ाजदूत, विष्णु पुकार श्रेष्ठ, दुई राष्ट्रबीच बढ्दो मित्रता र सहयोगको प्रतिनिधित्व गर्दै हिमालय एअरलाइन्स्को पहिलो उडानबाट बेइजिङको यात्रा गर्नुभयो ।

उनको उपस्थिति नेपाल सरकारको दुवै क्षेत्रको सुधार र पर्यटन विकास तर्फ गहिरो ध्यानाकर्षणाको प्रती पनि हो । यात्रुहरूले हिमालय एअरलाइन्स्मा हिमालयन आतिथ्यताको अनुभव गर्दै यस रुटमा यात्रा गर्न सक्नेछन ।

एअरलाइन्स्को पहिलो उडान, एच नाइन ६६५ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंबाट स्थानिय समय अनुसार बिहानको ७ बजेर ४० मिनेटमा प्रस्थान गरेको छ र बेइजिङ डाक्सिङ अन्तर्राष्ट्रिय विमानस्थल, बेइजिङमा दिउँसो२ बजेर १५ मिनेटमा अवतरण हुने छ । उडानको अवधि ४ घण्टा ४५ मिनेटको रहने छ । साथै बेइजिङबाट फर्कने उडान, एच नाइन ६६६, स्थानिय समय अनुसार दिउँसो ३ बजेर २५ मिनेटमा प्रस्थान गर्ने तालिका रहेको छ जुन बेलुका ६ बजेर ३० मिनेटमा काठमाडौंमा अवतरण हुने छ।

हिमालय एअरलाइन्स्ले सुरक्षित, भरपर्दो र आरामद ायी हवाई यात्रा प्रदान गर्दै आएको छ र काठमाडौं-बेइजिङ-काठमाडौं रुटद्वारा एअरलाइन्स्ले आफ्नो सञ्जाल विस्तार गर्दै प्रमुख गन्तव्यहरूबीच कनेक्टिभिटी बढाउने प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ ।

# रामेछाप नगरपालिकाले ल्यायो ७३ करोड ५८ लाखको बजेट

रामेछाप नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि ७३ करोड ५८ लाख ७३ हजार ६ सय ९७ रुपैयाँ ६६ पैसाको बजेट सार्वजनिक गरेको छ । नगरपालिकाका उपाध्यक्ष बाल कुमारी कार्कीले नगरसभामा बजेट प्रस्तुत गर्नुभएको हो ।




रामेछाप नगरपालिकाको संघ, प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान, शशर्त अनुदान, विशेष अनुदान पुँजीगत, वित्तिय समानीकरण अनुदान, शशर्त अनुदान चालु, राजश्व बाँडफाँडबाट प्राप्त हुने मुल्य अभिवद्धि कर, अन्तशुल्क, सावारी साधन कर र नगरपालिकाको विभिन्न शीर्षकबाट प्राप्त हुने आन्तरिक आयबाट ७३ करोड ५८ लाख ७३ हजार ६ सय ९७ रुपैयाँ ६६ पैसा आम्दानी हुने अनुमान गरिएको नगरले गरेको छ । त्यस्तै नगरकार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय तर्फ ४९ करोड, २८ लाख ८९ हजार ९ सय चालुतर्फ खर्च हुने अनुमान गरिएको छ भने पुँजीगततर्फ २४ करोड २९ लाख ८३ हजार ७ सय ९७ रुपैयाँ ६६ पैसा खर्च हुने अनुमान गरिएको छ । यसका साथै संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता, गरिबसँग विश्वेश्वर कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरुमा प्राप्त हुने रकमलाई कार्यक्रमको उद्धेश्य अनुरुप आम्दानी बाँधी खर्च गरिनेछ ।

विषय क्षेत्र अन्तर्गत सामाजिक विकासका लागि २ करोड ७५ लाख ३४ हजार ४ सय, स्वास्थ्य तर्फ ८७ लाख, शिक्षा तर्फ १ करोड ७ लाख महिला तथा बालबालिकातर्फ ८१ लाख ३४ हजार ४ सय विनियोजन गरेको छ। आर्थिक विकासका लागि १ करोड १० लाख, कृषि विकास तर्फ ४० लाख, पशुपंक्षी विकास तर्फ ४० लाख, राजश्व सहकारी, उद्योग तथा उपभोक्ता हित संरक्षण तर्फ ३० लाख विनियोजन गरेको छ । शुसासन तथा संस्थागत विकासतर्फ ११ लाख ६० हजार, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ४६ लाख बजेट विनियोजन गरेको छ ।

पूर्वाधार विकासका लागि संघ तथा प्रदेश सशर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालन हुने योजनाहरुको लागि १० करोड १ लाख ४६ हजार, संघ, प्रदेश र सडक बोर्डसँग साझेरीका लागि नगरले व्यहोर्नु पर्ने समपुरक कोषका लागि ४ करोड ९३ लाख, नगरस्तरिय योजना तथा कार्यक्रमका लागि २ करोड ९२ लाख ४० हजार, वडास्तरिय आयोजना तथा कार्यक्रमका लागि ५ करोड २२ लाख ९७ हजार ७ सय ९७ रुपैयाँ ६६ पैसा र विषयगत शाखा तर्फ १ करोड २० लाख विनियोजन गरी गरेको छ ।

कृषकले उत्पादन गरेको कृषि उपजलाई भण्डारण गर्नको लागि चिस्यान केन्द्र र जुनार खेतीमा बढी फोकस गरेर यो वर्षको योजनामा बजेट विनियोजन गरेको नगरप्रमुख लवश्री न्यौपानेले बताउनुभयो । सडक, खानेपानी, सिंचाई, भवन लगाएतका पूर्वाधार विकास एवम् स्थानिय आवश्यकता र प्राथमिकताको आधारमा वडा वस्तीस्तरबाट आएका आयोजना र कार्यक्रमहरु सञ्चालन गरिने पनि उहाँले बताउनुभयो ।

# रामेछाप डायरी

## गोकुलगंगा गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत

मोहन कार्की

रामेछाप । रामेछापको जिल्लाको गोकुलगंगा गाउँपालिकाले नीति, कार्यक्रम तथा आ.ब.२०८०/८१ सालको बजेट सार्वजनिक गरेको छ । पलिकाका अध्यक्ष काजी बहादुर खड्का (दिनेश)ले नीति प्रस्तुत गरेका छन् । भने गाउँपालिकाकी उपाध्यक्ष उषादेवी कार्कीले कार्यक्रम तथा बजेट प्रस्तुत गरेकी छन् । गोकुलगंगा गाउँपालिकाको कार्यपालिका बैठकमा पेस भएको बजेट छ । अनुमानित रु ७४ करोड ४२ लाख ९३ हजार २ सय रुपैया रहेको छ ।

बिभिन्न शिर्षकमा बजेट यसरी बिभाजन गरिएको छ ।

संघीय सरकारबाट प्राप्त हुने अनुदानको शिर्षकमा यस प्रकार छ । समानिकरण अनुदान रु. ११ करोड ९४ लाख,राजश्व बाँडफाँड रु. ८ करोड ६९ लाख ३५ हजार ७ सय , समपुरक अनुदान रु. ४ करोड ७५ लाख , शसर्त पूंजीगत अनुदान रु. १ करोड ३० लाख , शसर्त चालु अनुदान रु. १९ करोड २० लाख , विशेष अनुदान रु. ७० लाख , सामाजिक सुरक्षा भत्ता ९ करोड , पूर्वाधार विभागबाट प्रशासकीय भवन निर्माण रु ३ करोड , समेत जम्मा रु.५८ करोड ५८ लाख ३५ हजार ७ सय अनुदान प्राप्त हुने अनुमान गरी उल्लेख गरिएको छ ।

त्यसैगरी प्रदेश तथा संघ आन्तरिक सवै क्षेत्रको बजेट समेटेर निम्न बुदाहरुमा उल्लेख छ ।

बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमास् , समानिकरण अनुदान रु १ करोड २३ लाख ६५ हजार , सवारी साधन कर रु २ करोड ९२ लाख ३० हजार ७ सय २५ रुपैया , समपूरक अनुदान रु १ करोड ९४ लाख प्रदेश सशर्त अनुदान रु २ करोड ४ लाख ४० हजार , विशेष अनुदान रु ८३ लाख , समेतबाट कुल रु ८ करोड ९७ लाख ३५ हजार ७ सय २५ रुपैया आय अनुमान गरिएको छ ।

**आन्तरिक श्रोत**



आगामी वर्ष जलविद्युत रोयल्टी रु ५ करोड ५० लाख एवम् विभिन्न कर शुल्क दस्तुर एवम् विक्री सहित आन्तरिक श्रोतबाट रु ४ करोड ३७ लाख २१ हजार ७ सय ७५ रुपैया समेत जम्मा रु ९ करोड ८७ लाख २१ हजार ७ सय ७५ रुपैया आय अनुमान गरिएको छ ।

गोकुलगंगा सूचना केन्द्र स्थापना गरी सवैलाई छिटो छरितो जानकारी गारउने उल्लेख छ । त्यसैगरी किसानह्रका लागि प्रोत्साहन गर्ने उदेश्यले कोल्ड ड्रिंङ्स् भगाउँ, दही मोही खाँउँ , पालिकाका नागरिकहरुलाई सीपमा प्रभावकारी बनाउन ल्याउने, सिकाउने र टिकाउने जस्ता नीतिमा उल्लेख छ । शिक्षाको लागि हाम्रो स्कुल( बनाऔं राम्रो स्कुल हाम्रो स्कुल( बनाऔं राम्रो स्कुल भन्ने नारा नीतिमा उल्लेख छ ।

त्यसैगरी उत्पादनलाई प्रोत्साहन गर्न, उत्पादन साथमा (अनुदान हातमा हाम्रो उत्पादन( हाम्रो स्वाभिमान, किसानहरुको खेतवारी ( सँधै हरियाली भन्ने नारा पनि उल्लेख छ । आफ्न गाउँ टोल,बनाऔं अनमोल, हाम्रो सम्पदा(राम्रो सम्पदा भन्ने जस्ता आकर्षणयुक्त नीतिमा उल्लेख छन् । नीतिमा रहेका बिषयलाई कार्यक्रम बनाई बजेटमा उल्लेख गरिएको छ ।

## लिखु तामाकोसी गाउँपालिकाले ल्यायो ५८ करोड ५० लाखको बजेट

रामेछापको लिखु तामाकोसी गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । आइतबार गाउँपालिक(ाले ११ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष केशव महतले नीति तथा कार्यक्रम र २०८०/८१ को लागी बजेट प्रस्तुत गर्नु भएको हो ।

अध्यक्ष महतले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा गाउँप(ालिकामा कृषि पेशालाई व्यवसायिक र यान्त्रिकरणको गर्दै एक वडा एक उत्पादनको नीति अनुरूप पकेट बालीहरू मार्फत व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने ,सुख्खाग्रस्त भू भागलाई सिन्चाइ प्रणालीमा जोड्दै, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि थोपा सिँचाइ र लिफटिङ् सिँचाइको व्यवस्था मिलाउन, वैदेशिक रोजगारीबाट फर्किएका युवाका लागि लक्षित कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसायमा आर्करषित गर्ने,कृत्रिम

बााकी ६ पृष्ठमा

# नमस्ते "पे" को क्युआर कोडमार्फत भुक्तानी गर्न सक्ने

काठमाडौं । नेपाल टेलिकमले नमस्ते पे' को क्युआर कोडमार्फत विभिन्न सेवाको सहजै बिल भुक्तानी गर्न सक्ने सुविधाको शुभारम्भ गरेको छ।

कम्पनीले हाल नेपाल टेलिकमको सुन्धारा र




बबरमहल शाखामा रहेका सम्पूर्ण काउन्टरहरुमा क्युआर मार्फत भुक्तानीको सुबिधा संचालनमा ल्याएको छ । नेपाल टेलिकम, सुन्धारा र बबरमहलमा आयोजित एक कार्यक्रमका बीच आज सो सेवाको शुभारम्भ गरियो । नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय काठमाडौं, वागमती प्रदेशकी निर्देशक सविना मास्के प्रधान र नेपाल डिजिटल पेमेन्ट्स कम्पनीका सीईओ प्रवीणराज पोखरेलले यस सम्बन्धी सम्झौता पत्र आदानप्रदान गर्नुभयो । सो अवसरमा निर्देशक प्रधा नले क्युआर कोडमार्फत बिल भुक्तानी गरी सेवाको शुभारम्भ गर्नुभयो । उहाँले भन्नुभयो, नेपाल टेलिकमले आफ्नो का उन्टरहरुमा डिजिटल भुक्तानीलाइ प्रोत्साहन गर्न पहिलो पाइला चालेको छ । प्रयोगकर्ताहरूले अब नमस्ते पे को क्युआर प्रयोग गरेर बिल तिर्न सक्नु हुनेछ ।

प्रयोगकर्ताहरूले नगद झिक्न बैंकमा जानु पर्ने झन्झटलाई कम गरी बिल भुक्तानीलाई सजिलो र छिटो बनाउन मद्दत गर्नेछ ।' नेपाल डिजिटल पेमेन्ट्स कम्पनीका सीईओ प्रवीणराज पोखरेलले भन्नुभयो, डिजिटल भुक्तानी सेवा प्रदान गर्ने अवसर पाएकोमा हामी खुसी भएका छौ र आगामी दिनमा थप सहकार्य गर्न प्रोत्साहित भएका छौं । यसले नगदरहित समाज सिर्जना गर्ने प्रयासमा उल्लेख्य भूमिका खेल्ने छ ।

आधुनिक प्रविधिको प्रयोग मार्फत सरल र सुरक्षित डिजिटल भुक्तानी सेवा प्रद ान गरी बैंक र डिजिटल प्रविधिमा पहुँच भएका तथा नभएका सबै उपभोक्तालाई आधुनिक वित्तीय सेवा प्रद ान गर्नका लागि यसले मह त्वपूर्ण भूमिका खेल्ने छ ।'सो अवसरमा नेपाल डिजिटल पेमेन्ट्स कम्पनीका निवर्तमान सीईओ कृष्ण प्रसाद भण्डारी, सूचना प्रणाली सहयोगी निर्देशनालयका प्रबन्धक शालिकराम सुवेदी र दूरसञ्चार काया लय, सुन्धाराका कार्यालय प्रमुख दिनेश चन्द्र पन्थीले सेवा शुभारम्भ भएकोमा खुसी व्यक्त गर्दै सेवाका वारेमा आवश्यक जानकारी प्रदान गर्नुभयो ।
हाल नेपाल टेलिकमको सुन्धारा र बबरमहल काउन्टरमा गई नमस्ते पे को क्युआर प्रयोग गरी बिल भुक्तानी गर्न सकिने छ । यो सेवा लाई आगामी दिनमा अन्य कार्यालयहरुमा समेत विस्तार गरिने छ । कम्पनीका नयाँ र विद्यमान दुवै प्रयोगकर्ताहरूले क्युआर मार्फत भुक्तानी गरे वापत आफ्नो वालेटमा १० प्रतिशत क्यासब्याक पाउने व्यवस्था समेत गरिएको छ ।

# सुरू भयो ह्वावे डिजिटल नेपाल कन्क्लेभ २०२३, प्रधानमन्त्रीद्वारा उद्घाटन

काठमाडौं । ह्वावे एमएनसी डिजिटल नेपाल कन्क्लेभ २०२३ सुरू भएको छ । आइसिटी फाउण्डेसन नेपालको आयोजनामा द सोल्टी काठमाडौंमा वर्षकै



ठूलो डिजिटल कन्फेरेन्स सुरू भएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यतामा सुरू भएको ह्वावे एमएनसी डिजिटल नेपाल कन्क्लेभ २०२३ मा विशिष्ट अतिथिको रूपमा सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको उपस्थिति रहेको छ ।
यस्तै अतिथिको रूपमा सञ्चार तथा सूचना प्रविधि मन्त्रा लयका सचिव कृष्ण बहादुर राउत, पूर्व मन्त्री गणेश शाह, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनाल, क्यान महासंघका अध्यक्ष रञ्जीत पोदार, नेपाल उद्योग वाणिज्य मह ासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ लगायत नेपाल सरकारका उच्च अधिकरी, साझेदार संस्थाका प्रतिनिधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वक्ता, सूचना प्रविधिको क्षेत्रमा काम गर्ने व्यक्तित्व लगायतको उपस्थिति रहेको छ ।

कार्यक्रममा स्वागत मन्तव्य दिदै आइसिटी फाउन्डेसन नेपालका अध्यक्ष तथा कार्यक्रमका सभापति राजन लम्सालले डिजिटल रूपान्तरणका लागि डिजिटल सक्षमता मापन गर्ने प्रयास स्वरूप २ दिने कन्क्लेभ आयोजना गरिरहेको बताए । यस्तै कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रडण्डले डिजिटल क्षमता विकास गर्न पूर्वाधारमा जोड दिन जरुरी रहेको बताए।

सरकारले अनुसन्धान, आविष्कार, स्टार्टअप र उद्यमशीलता प्रवर्द्धनका लागि आगामी आर्थिक वर्षको बजेटमार्फत कुल पुँजीगत बजेटको १ प्रतिशत बजेट खर्च अनुसन्धान र विकासमा हुने व्य वस्था गरेको उनले जानकारी दिए ।

सरकारले डिजिटल डिभाइड कम गर्न र डिजिटल अर्थतन्त्रमा जोड दिएको बताउँदै प्रधानमन्त्रीले सूचना प्रविधिको विकासका लागि आवश्यक नीति बनाएर छिटो कार्यान्वयनमा ल्याइने बताए। यस्तै कार्यक्रमको फायरसाइड पावर संवादमा बोल्दै सञ्चारमन्त्री रेखा शर्माले पछिल्लो समय नेपालमा सूचना प्रविधिको विकाससँगै सोचाइमा पनि परिवर्तन बताइन्।

'सुरूमा सूचना प्रविधिलाई मनोरञ्जन को साधनका रूपमा लिइन्थ्यो,' उनले भनिन्, 'अहिले त्यो सोचाइ परिवर्तन भएको छ। सूचना प्रविधि मनोरञ्जनको मात्र नभएर उत्पादन र डिजिटल अर्थत न्त्रका लागि पनि हो भन्ने छ।' सबै नागरिकमाझ सूचना प्रविधिको पहुँच पर्‍याउन सरकारले काम गरिरहेको र यस क्षेत्रको विकासका लागि आवश्यक नीति बनाउने तथा परिमार्जन गर्ने काम मन्त्रा लयले गरिरहेको उनको दावी छ ।

त्यसैगरी नेपाल दूरसञ्चार प्र ाधिकरणका अध्यक्ष पुरूषोत्तम खनालले प्रविधिको तीव्र विकाससँगै प्रत्येक राष्ट्रको विकासका लागि सूचना प्रविधि महत्त्वपूर्ण भएको र त्यसबाट नेपाल समेत अछुतो नरहेको बताए।

कार्यक्रममा आफ्नो मन्त

बाँकी ६ पृष्ठमा

# अर्थ संसार

## आइएमई पेमा रेमिट प्राप्त गर्दा स्मार्ट फोन जित्ने अवसर




काठमाडौं। श्रावण २९, २०७९ आइएमईले "घण्टी बज्यो" नामक नयाँ अफर सार्वजनिक गरेको छ। अफर अनुसार विदेशबाट पठाएको रेमिट्यान्स सिधैं आइएमई पे मोबाईल वालेट एपमा प्राप्त गर्ने २ जना भाग्यशाली विजेताले रेडमि टेन ए स्मार्ट फोन जित्ने मौका पाउनसक्नेछन्।

२०७९ साल श्रावण २७ गतेदेखि भाद्र १० गतेसम्म जम्मा दुई हप्ताका लागि कायम यो अफरमा हरेक हप्ता १-१ भाग्यशाली विजेताले स्मार्ट फोन जित्न सक्नेछन्।

## प्रभु लाइफ र महालक्ष्मी लाईफ मर्ज हुने तयारीमा

काठमाडौं। प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड र महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेड आषाढ भित्र मर्ज हुने गरी तिब्र गतिमा तयारी भइरहेको छ।

prabhu Mahalaxmi Life

एकिकृत कारोबार पछि बन्ने "प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड" ले बजारमा विक्रिको लागि ल्याउने बीमा योजनाहरु (प्रोडक्ट) छनोट गर्नु आवश्यक थियो। दुबै कम्पनीका विज्ञ कर्मचारीहरुको अध्यन विश्लेषण पछि श्रावण १ गतेबाट विक्रि वितरणको लागि पन्ध्रवटा बीमा योजनाहरु (प्रोडक्ट) छनौट भएको छ।

नेपाल बीमा प्राधिकरणबाट एकिकृत कारोबार पछि प्रचलनमा ल्याउन उक्त योजनाहरु स्वीकृति समेत प्राप्त भैसकेको छ। नेपाली जनमानसको आवश्यकता, बीमितलाई पर्ने लागत, कम्पनीलाई हुने मुनाफा र योजनामा हुने सुविधाहरुलाई समेत विचार गरी पन्ध्रवटा योजना प्रचलनमा ल्याउन सार्वजनिक गरिएको छ।

## नेपाल उद्योग वाणिज्य महासंघको उद्योग समितिको उप -सभापतिमा नानीराज घिमिरे मनोनित

काठमाडौं। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले महासंघको उद्योग समितिको उप -सभापतिमा



नानीराज घिमिरेलाई मनोनित गर्नुभएको छ।

उद्योग समिति महासंघको कार्यकारि समिति सदस्य राजेश कुमार अग्रवालको सभापतित्वमा गठन गरिएको थियो। उद्योग समितिलाई पूर्णता दिनका लागि गरिएको एक कार्यक्रममा अध्यक्ष चन्द्र प्रसाद ढकालले मनोनयन पत्र हस्तान्तरण गर्नुहुदै मनोनित हुनुहुने व्यक्तित्वहरुले महासंघलाई सशक्त रुपमा अगाडी बढाउनका लागि तथा महासंघमा महत्वपूर्ण योगदान पुर्‍याउने कुरामा महासंघ विश्वस्त रहेको पनि बताउनुभयो।

# सुविधा खारेजीको दोहोरो चेपुवामा गलैंचा उद्योग

काठमाडौं । प्रमुख निर्यातजन्य वस्तुको रुपमा रहँदै आएको गलैंचा उद्योगले पाउँदै आएको दुई प्रकारको सुविधा एकैपटक खारेज भएको छ । सरकारले आर्थिक वर्ष २०८०र ८१ को बजेट मार्फत् मूल्य अभिवृद्धि कर (भ्याट) तथा आयकरमा समेत पाउँदै आएको छुट हटाएको हो । यो व्यवस्थाले २ लाखभन्दा बढी श्रमिक आवद्ध भएको गलैंचा उद्योग नै संकटमा पर्ने भन्दै व्यवसायीहरु चिन्तित बनेका छन् ।

उच्च मूल्यअभिवृद्धि र स्वदेशी जनशक्ति प्रयोग हुने भएकोले विगतदेखि नै यो क्षेत्रले राज्यको संरक्षण प्राप्त गर्दै आएको थियो । २०५४ सालमा मूल्य अभिवृद्धि कर लागु भएदेखि नै यस उद्योगले भ्याट छुट प्राप्त गर्दै आएको थियो , तर, नयाँ आवको बजेट मार्फत् मूल्य अभिवृद्धि कर ऐन २०५२ संशोधन गर्दै सरकारले यो उद्योगलाई उक्त सूचीबाट हटाएको छ । यो सँगै बजेट घोषणाकै दिनदेखि तयारी गलैंचामा १३ प्रतिशत कर कार्यान्वयन सुरु भइसकेको छ ।



अर्कोतर्फ, नेपालको स्रोतबाट नेपालमै उत्पादन भइ निकासी हुँदै आएका वस्तुमा अरु छुटपछिको आयमा लाग्ने करमा अतिरिक्त ५० प्रतिशत छुट हुने व्यवस्था पनि यस पटकको बजेटले हटाइ दिएको छ । यो व्यवस्था हुँदा गलैंचा उद्योग नै सबैभन्दा बढी लाभान्वित हुँदै आएको थियो । तर, आयकर ऐनको उक्त दफा संशोधन गर्दै सरकारले उत्पादनमूलक उद्योगको हकमा उक्त सुविधा हटाइ दिएको छ । यसको सट्टा सफ्टवेयर प्रोग्रामिङ जस्ता सेवा निर्यातबाट हुने आम्दानीमा यो सुविधा थप गरेको छ ।

नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघका अध्यक्ष तेन्जिङ शेर्पा आर्थिक ऐनको यी व्यवस्थाहरुले लागत र प्रक्रियाको दृष्टिकोणबाट व्यवसायीलाई असर पुग्ने बताउँछन् । भ्याटमा दर्ता नभएका घरेलु तथा साना उद्योगहरु त यही कारण बन्द हुनु पर्ने अवस्थामा पुग्ने उनको भनाइ छ ।यो क्षेत्रमा अहिले पनि ५० प्रतिशतभन्दा बढी व्यवसायी घरेलु तथा साना उद्योग अन्तर्गतका छन् । उपत्यका बाहिरका विभिन्न ग्रामीण भेगमा रहेर उनीहरुले गलैंचा उत्पादन सम्बन्धी काम गर्दै आएका छन् । खास गरी विपन्न क्षेत्रका महिला, दलित, अपांगहरु समेत यो क्षेत्रमा आवद्ध भइ काम गरिरहेका छन् । यी उत्पादनहरुमा भ्याट लाग्दा बिल बिजकको झन्झट हुने भएकोले उनीहरु पलायन हुन सक्ने अवस्था रहेको अध्यक्ष शेर्पा बताउँछन् ।

'गलैंचा उत्पादन हुन एउटै वस्तु ४र ५ पटक काठमाडौंदेखि गाउँ आवत जावत गर्नुपर्छ । भ्याट लाग्ने भए पछि प्रत्येक ढुवानीमा बिल बिजक खोजिन्छ, यी सबै प्रक्रिया पूरा गर्न उहाँहरुले सक्नु हुन्न,' अध्यक्ष शेर्पा भन्छन्, 'भ्याट लगाएर सबैलाई करको दायरामा ल्याउनु राम्रै कुरा हो । तर, यही कारणले उद्योग नै संकटमा पर्ने अवस्थामा राज्यले यसलाई सच्याउनुपर्छ ।'

त्यसो त ५० लाखभन्दा कम कारोबार हुने उत्पादन मूलक उद्योगको हकमा सरकारले भ्याटमा दर्ता अनिवार्य गरेको छैन । तर, त्यसरी भ्याटमा दर्ता नहुने कम्पनीले कच्चा पदार्थ खरिदमा तिरेको भ्याट फिर्ता नपाउने भएकोले उनीहरुको लागत १३ प्रतिशतले बढ्ने अवस्था छ । यसले ठूला व्यवसायीसँग साना व्यवसायीको प्रतिस्पर्धी क्षमता स्वतः कम हुने अवस्था रहेको शेर्पाको भनाइ छ । यसबाट विपन्न र अत्यावश्यक वर्गले रोजगारीको अवसर गुमाउन सक्ने अवस्था रहेको उनी बताउँछन् ।

## संसद बैंठकमा बजेटबारे मन्त्रीहरूको छलफल

काठमाडौं । प्रतिनिधि सभा बैठकमा आज विनियोजन विधेक (बजेट) माथि उठेका प्रश्नको मन्त्रीहरूले जवाफ दिने भएका छन् ।आज बिहान १० बजेदेखि सुरु हुने बैठकमा मन्त्रालयगत छलफलका क्रममा सांसदह रूले उठाएका प्रश्नको सम्बन्धित मन्त्रालयका मन्त्रीहरूले जवाफ दिने कार्यसूची रहेको छ ।

आजको बैठकमा गृह, वन तथा वातावरण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, सहरी विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, भौतिक पूर्वाधार तथा यातायात र सञ्चार तथा सूचना प्रविधिमन्त्रीले जवाफ दिने



कार्यक्रम तय भएको छ । यसैगरी आजकै बैठकमा उपराष्ट्रपति कार्यालयसम्बन्धी बजेटबारे पनि छलफल हुने संघीय संसद सचिवालयले जनाएको छ ।

## धनुषामा इनारभित्र एक पुरुषको शव फेला

काठमाडौं । धनुषाको ढल्केबरमा इनारभित्र एक पुरुषको शव फेला परेको छ । बिहीबार बिहान ढल्केबरस्थित दक्षिण चोकमा



रहेको इनारभित्र एक पुरुषको शव फेला परेको हो ।

स्थानीयवासीले इनारभित्र शव रहेको देखेपछि प्रहरीलाई खबर गरेको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ । अहिले प्रहरी टोली र नं.२ छिन्नमस्ता वाहिनीको टोली शव निकाल्ने प्रयासमा जुटेको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक कबिन राईले जानकारी दिए ।

# खेलकुद

## विश्व कप खेल्ने नेपालको यात्रा रोकियो

काठमाडौ । आईसिसि विश्वकप छनौटको लागि जिम्बाबेमा रहेको नेपालको राष्ट्रिय टिम नेदरल्याण्डसँग पराजित भएको छ । टस हारेर पहिलो ब्याटिङ गरेको नेपालले ४४ ओभरमा



नै सबै विकेट गुमाएर १६७ रन बनाएको थियो ।

उक्त रन नेदरल्याण्डले जवाफी ब्याटिङ गर्दै २९ ओभरमा नै ३ विकेटको क्षतिमा पुरा गरी विजयी हाशिल गरेको छ ।

## काभ पुरुष भलिबलको अन्तिम खेलमा नेपाल र उज्वेकिस्तान प्रतिस्पर्धा गर्दै

काठमाडौं । किर्गिस्तानमा जारी सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष भलिबल नेसन्स लिगको अन्तिम खेलमा नेपालले आज उज्वेकिस्तानसँग प्रतिस्पर्धा गर्दैछ ।



बिस्केकस्थित स्पोर्ट्स एण्ड रिक्रिएसन कम्प्लेक्समा नेपालले उज्वेकिस्तानको सामना गर्न लागेको हो । नेपाल र उज्वेकिस्तानबीचको खेल दिउँसो पौने २ बजे सुरु हुनेछ । नेपाल आज पहिलो जितको खोजीमा छ ।

नेपालले अघिल्ला पाँच खेलमा लगातार हार बेहोरेको थियो । नेपालले पहिलो खेलमा मंगोलिया र दोस्रो खेलमा आयोजक किर्गिस्तानसँग हार बेहोरेको थियो भने तेस्रो खेलमा इरान र चौथो खेलमा तुर्किमिनिस्तानसँग पराजित भएको थियो । यस्तै शुक्रवार किर्गिस्तानको बी टोलीसंग पराजित हुँदै नेपालले पाँचौं हार बेहोरेको थियो ।

## साफ च्याम्पियनसिपमा बंगलादेशको पहिलो जित

काठमाडौं । दक्षिण एसियाको सबैभन्दा ठूलो फुटवल प्रतियोगिता साफ च्याम्पियनसिपमा बंगलादेशले पहिलो जित हात पारेको छ ।

आइतबार भारतको बेंग्लोरमा भएको समूह 'बी' को खेलमा बंगलादेशले माल्दिभ्समाथि ३-१ को पुनरागमन जित हात पारेको छ । खेलको १७ मिनेटमा हम्जा मोहमदको गोलबाट माल्दिभ्सले अग्रता लियो । ४२ मिनेटमा बंगलादेशका लागि रकिक हुसेनले बराबरी गोल गर्न सफल भए ।

६७ मिनेटमा तरिक काजीले गोल गरेपछि बंगलादेशले खेलमा अग्रता लियो । अन्तिम मिनेट शेख मोर्सालिनले तेस्रो गोल गर्दा बंगलादेश जिततर्फ अघि बढ्यो । यसअघि पहिलो खेलमा आमन्त्रित टिम लेवनानसँग २-० गोलले पराजित भएको बंगलादेशको सेमिफाइनलमा सम्भावना जीवितमै छ। माल्दिभ्सले भने पहिलो खेलमा भुटानलाई २-० गोलले हराएको थियो ।

## बजेट सार्वजनिक ...

हुन सकेन । २०६४ को संविधानसभाको निर्वाचनमा सवैभन्दा बढी सिट जितेको माओवादीको नेतृत्वमा सरकार बनेको थियो । गणतन्त्र स्थापनाको पहि लो प्रधानमन्त्री माओवादीका प्रचण्ड भएका थिय ।

त्यसैगरी लगभग ९ महिनामा नै पशुति पुजारी र प्रधान सेनापति काण्डमा राजिनामा दिएका प्रचण्ड पछि नेकपा एमालेका माधव कुमार नेपाल प्रधानमन्त्री भएका थिय, भने क्रमश: झलनाथ खनाल, डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएका थिए । तोकेको समयमा संविधान जारी गर्न नसकेपछि संविधान निर्माणको लागि समय थप गरिएको थियो । उक्त समयमा पनि संविधान जारी गर्न नकसकेपछि बाबुराम भट्टराईको प्रधानमन्त्री कालमा संविधानसभा विगघट गरी २०६९ चैत्रमा प्रधानन्याधिस खिलराज रेग्मीको नेतृत्वमा मन्त्री परिषद विस्तार गरी ६ महिना भित्र संविधानसभाको निर्वाचन गराउने गरी प्रधानन्याधिस रेग्मीको अध्यक्षमा जिम्मेवारी तोकेको थियो । खिलाराज रेग्मीको अध्यक्षतामा रहेको मन्त्री परिषदले तोकेको समयमा दोस्रो संविधानसभाको निर्वाचन गराएको थियो ।

उक्त निर्वाचनपछि बनेका संसदहरुले पनि खासै संविधान निर्माणमा त्यति ध्यान दिएका थिएनन् । तर नेपालमा प्रकृतिक महा भुकम्पको बिपत्ति आईलागेपनि राष्ट्रिय अन्तराष्ट्रिय दवावको कारण २०७२ साल असोज ३ गते संविधान निर्माण भएको थियो ।

२०७२ साल असोज ३ गते जारी भएको संविधानले २ बर्ष भित्रमा तीनै तहको निर्वाचन गराउनुपर्ने व्यवस्था गरेको थियो । जसको त्यतिवेलाको सरकारको नेतृत्व नेपाली काँग्रेस पार्टीका सभापति सुसिल कोईरालाले गरिरहेका थिय ।

२०७४ सालमा पहिलो स्थानीय निर्वाचन तीन तहमा गरिएको थियो । प्रदेश र संघको निर्वाचन एकैपटक गरिएको थियो ।

२०७४ सालको निर्वाचनमा माओवादी र एमाले गठबन्धन गरेर निर्वाचनमा गएको थियो । सवैभन्दा ठुलो पार्टीको रुपमा नेकपा एमाले र दोस्रोमा नेपाली काँग्रेस, तेस्रोमा नेकपा माओवादी भएको थियो । जसमा नेकपा एकालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेको थियो । तर झण्डै दुईतिहाइ बहुमत सहित बेनेको सरकार अन्तत: २ बर्ष नपुग्दै धरमराउन थालेको थियो । त्यसपछि संसदनै विगघट हुन थालेपछि सवो'च्चको ढोकामा पुगेर पटक पटक सुनुवाई भएपछि २० दिनको लागि निर्वाचन कार्यालयमा निर्वाचन ऐन नै फुकुवा गरेर नेकपा एमालेको २१ सिट संसद सीट फुटाएर नेपाली काँग्रेसले समर्थन जुटाई सरकारको नेतृत्व गरेको थियो ।

नेपाली काँग्रेसकै नेतृत्वमा २०७९ स्थानीय निर्वाचन भएको थियो । जसमा एमाओवादी र नेपाली काँग्रेस, एकीकृत समाजवादी जुन एमालेवाट चोइटिएको समुह समेत तालमेल गरेर सवैभन्दा बढी स्थानीय निकायमा नेपाली काँग्रेसले नेतृत्व गरिरहेको छ ।

त्यस्तै प्रदेश, संघमा पनि सत्ता साझेदार दलहरु मिलेर निर्वाचनमा गएका थिए । जसको नतिजा नेपाली काँग्रेस पहिलो पार्टीको रुपमा रहेको छ ।

यहि समयमा भएको काम र गतिले नेपाली काँग्रेसको भावी नीति र गति पनि जाच्ने भएको हुदा स्थानीय निकायहरु कसरी अगाडी बढ्छन् । भन्ने बिषयमा यतिवेला चारैतिरवाट हेरिएको छ । तर संघियता सहितको मोडल ल्याउने डा. बाबुराम भट्टराई भने नयाँ नयाँ संगठनहरु खोज्दै कहिले कता कहिले कता पुगेको देखिन्छ । त्यसकारण जनले घर बनाउछ । उ त्यो घरमा बस्दैन भने घर घर जस्तो नभएर गोठ जस्तो हुन्छ । नेपालको संघियता गोठ जस्तो हुदै गएको देखिन्छ ।

## समृति सभा सम्पन्न...

परेको प्रसंग उल्लेख गर्दै रुपचन्द्र बिष्टले दामनमा स्थापना गरेको भ्यू टावर बाट नेपालको हिमसृंखलाका अध्ययन गरि हिमालय रेन्जको गहिरो अध्ययन गर्नुका साथै खगोलीय अध्ययन समेत गरि उनले धर्ति र आकाशका बारेमा बिशेषज्ञता हासिल गरेका एक कुशल र योग्य ब्यक्तित्व तर समयले चिन्न नसकेका राजनीतिज्ञ रहेको चर्चा गरेका छन् । यसैक्रममा नेपाली कांग्रेसका नेता अर्जुन नरसिंह केसीले रुपचन्द्र बिष्टको निष्पक्ष सक्रियताको अभ्यासका बारेमा चर्चा गर्दै आफू स्वास्थ्य मंत्री रहेको बेलामा जागिरका लागि सिफारीश गर्ने क्रममा यो पत्रबाहक भन्दा अरु कोही बढी योग्य भएमा त्यहि योग्यलाइ अरुभन्दा पत्रबाहक योग्य भएमा उसैलाइ जागिर दिनु भन्ने सिफारीशको प्रसंग उल्लेख गर्दै रूपचन्द्र बिष्ट बास्तवमै जनमुखी र निष्पक्ष सक्रियताको अभ्यासका प्रतिक रहेको बताएका छन् ।

कार्यक्रममा बोल्दै नेकपा माओवादीकी नेतृ शशी श्रेष्ठले कुनैबेला बिष्टको दामन पालुंमा उब्जिएको अन्न तरकारी आफ्नोमा आउने प्रसंग उल्लेख गर्नुका साथै आफ्नो आश्रय नभएको बेलामा आश्रय प्रदान गरिएकोले बिष्ट संगको सम्बन्धका कारण पनि यो कार्यक्रम छुटाउन नसकेको उल्लेख गर्दै रुपचन्द्र बिष्टले बताउने गरेको शासक निर्दलीय अनि ब्यवस्था बहुदलीय हुनुपर्ने प्रसंग उल्लेख गर्दैगर्दा कतिपय बिषयमा बेलाबेलामा राष्ट्रपतिको भूमिका प्रयोगका सवालमा दलबिहिन भूमिका नदेखिनु दुखद रहेको बताएकी छन् ।

कार्यक्रमका सभापति तथा पूर्व राष्ट्रीय सभाका सदस्य एवं बरिष्ठ अधिवक्ता रामनारायण बिडारीले संभ्रान्त परिवारमा जन्मिएर पनि पारिवारमा बिद्रोह गरि कलिलो उमेरमै जनता जगाउने महान कर्ममा होमिएका रुपचन्द्र बिष्टको निष्पक्ष सक्रियताको अभ्यासको मूल मर्म अनुसारको कर्म गर्ने ब्यक्तिको खोजी हिजोको मात्रै नभइ आजको समेत आवश्यकता रहेको उल्लेख गर्दै जनताको मस्तिष्कमा अग्रगामी कदम,समानता न्याय र बिभेदरहित समाजको निर्माण गर्नु नै जनमुखी राजनिती रहेको र त्यसका लागि निष्पक्ष सक्रियताको अभ्यास रूपचन्द्र बिष्टले जीवनभर गरेको उल्लेख गर्दै रुपचन्द्र बिष्टले आममानिसमा जागरणको बीजारोपण गराएका हुन् तर ती सवै जाली फटाहाका लागि प्रयोग भएकाले अझै लक्ष्य प्राप्ति नभएको बताएका छन् ।युग पाठक द्वारा संचालन गरिएको उक्त कार्यक्रम सभ्य एवं भव्य रुपमा सम्पन्न गरिएको थियो।

## ‘आइएमई पे’ मा टिभी / ईन्टरनेट प्रोमोकोडको वर्षा

काठमाडौं । ‘आइएमई पे’ ले टिभी ईन्टरनेटमा प्रोमोकोडको वर्षा अफर सार्वजनिक गरेको छ ।

यो अफर असार ११ देखि असार १६ सम्म एक हप्ताका लागि




चल्ने छ । यस अफर अन्तर्गत ग्राहकले आइएमई पे मार्फत टिभी तथा ईन्टरनेटको बिल भुक्तानी गर्दा प्रोमो कोडहरुको प्रयोग गरी रु १५० सम्म १०% छुट पाउन सक्नेछन् ।

एक हप्ताको अन्तराल भरिमा ग्राहकले सो प्रोमो कोड एक पटक मात्र प्रयोग गर्न पाउनेछन् ।

## लोकतन्त्र...

त्यसको गहिरो प्रभाव आममान्छेमा परेको हुन्छ । आफ्नो अधिकारका लागि संघर्ष गर्नु, आवाजविहीन जनताका पक्षमा वकालत गर्नु, राज्यका निकायलाई सहयोग गर्नु र भिडको आडमा निर्णय गराउन खोज्नु फरक विषय हुन ।

भिडले प्रश्नलाई निषेध गर्छ, विचार र स्वतन्त्रताको हत्या गर्छ । पद्धतिको विकास गर्ने प्रक्रियामा भिडले अवरोध सिर्जना गर्छ । जब सत्यमाथि भिड हाबी हुन्छ, तब राज्य का निकाय निष्प्रभावी बनिदिन्छन । सभ्य र सुसंस्कृत समाज निर्माणमा भिडतन्त्र मुख्य अवरोधक तत्व हो ।

शासकीय भूमिकामा रहेका आशा लाग्दा राजनीतिज्ञले न्यायालयको फैसला नमान्ने खुलेआम घोषणा गर्दा नागरिकले व्यापक ऐक्यबद्धता व्यक्त गर्नु लोकतन्त्रको संस्थागत विकासका लागि खतरा हो । मलेसियालाई आजको मलेसिया बनाएको श्रेय महाथिर मोहम्मदलाई जान्छ भने सिंगापुरलाई आजको सिंगापुर बनाउन ली क्वान यूको अविस्मरणीय योगदान छ । हिजो खुबै बदनामी कमाएको विहार राज्यको छविमा सुधार आइरहेको छ । कुनै पनि मुलुक प्रगतिपथमा लम्किन स्पष्ट दृष्टिकोण, लक्ष्य, सपना र इच्छाशक्ति भएको नेतृत्व चाहिन्छ । धन, डन र भिडको आधारमा नेतृत्व चयन गरिएमा मुलुक असफल राष्ट्र बन्न बेर लाग्दैन । चिनियाँ दार्शनिक कन्फ्युसियसले सबल राज्यको प्रमुख र सबल आधार शिक्षित र नैतिक नागरिक समूहलाई मानेका छन् । महान् दार्शनिक प्लेटोले नागरिकहरू शिक्षित, अनुशासित, धैर्यवान् तथा तार्किक हुनुपर्ने र राज्यले सोही तबरबाट प्रशिक्षित गर्नुपनेमा जोड दिएका छन । नागरिकहरू चेतनशील र विवेकशील बन्न नसक्दा भिडतन्त्र नै हाम्रो जीवनपद्धति बन्ने खतरा छ ।

निराशाउन्मुख समाजको उपज भिडतन्त्र : अमेरिकी लेखक तथा राजनीतिशास्त्रका प्राध्यापक टेड गुर आफ्नो चर्चित पुस्तक ‘मानिस किन विद्रोह गर्छन्’मा निराशाले मानिसलाई आक्रामक बनाउने दाबी गर्दै भन्छन्, ‘जति-जति मानिसले आफ्नो अवस्थाको तुलना अरूसँग गर्छ र आफूलाई दयनीय अवस्थामा पाउँछ, त्यति-त्यति ऊभित्र विद्रोही चरित्र हाबी हुँदै जान्छ ।’ नेपालमा राजनीतिक परिवर्तनको यात्रा रफ्तारमा अगाडि बढे पनि विकास र समृद्धिको यात्रा निकै मन्द गतिमा छ । अन्य मुलुकको विकास र परिवर्तनसँग नेपालको तुलना गर्दा हाम्रो गति सारै सुस्त छ। परिवर्तनका खातिर जनाकांक्षाको उचित व्यवस्थापन हुन सकेको छैन। मुलुकलाई चरम गरिबी र बेरोजगारीले गाँजेको छ । भ्रष्टाचार संस्थागत हुँदै गएको छ । हुँदा खाने र हुने खानेबीचको दूरी बढ्दो छ । गाँस, वास र कपासको जोहो गर्नसमेत बिदेसिनुपर्ने बाध्यता छ । राजनीतिक र प्रशासनिक नेतृत्वमा नैतिकताको ह्रास हुँदै गएको छ । दण्डहीनता बढ्दो क्रममा छ, जसका कारण नागरिक निराश छन । देशमा कोही पनि इमानदार, नैतिकवान् र निष्ठावान् मानिस नै नभएको भाष्य निर्माण गरिएको छ ।

समाजशास्त्री थेडा स्कोकपोल र इतिहासविद् एरिक हब्बसनका अनुसार सडकमा देखिने भिड खतरनाक र महत्वपूर्ण भए पनि खास अर्थमा त्यो भिडको निर्देशक, संरक्षक र उत्पादक को हो भन्नेले विशेष महत्व राख्छ । आवरणमा देश विकासको हुटहुटी देखाइएको भए पनि पछिल्ला गतिविधि विद्यमान पद्धति भत्काउने मनसायबाट प्रेरित भएको बुझ्न कठिन छैन । जनतामा विकसित चरम निराशा र महत्वाकांक्षामा टेकेर विद्यमान प्रणाली तथा संस्थालाई कमजोर बनाउने प्रयास भइरहेको छ । निरन्तरको अस्थिरताले कुनै पनि देशको विकास सम्भव छैन ।

अन्त्यमा : अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले आफ्नो छोराले अध्ययन गर्ने विद्यालयका प्रधानाध्यापकलाई पत्र लेख्दै भनेका थिए, ‘मेरो छोरो जतातिर हुल छ, त्यतैतिर लाग्ने प्रवृत्तिको नहोस । सुनेको कुरालाई राम्रोसँग छुट्याउन सक्ने होस ।’ सही र गलत पहिचान गरेर समर्थन र विरोध गर्ने चेतनशील जमात निर्माण नभएसम्म सभ्य र समुन्नत समाज बन्न सक्दैन । जुन देशमा स्वतन्त्र र तटस्थ जनमत कम छ, त्यो देश खराबबाट शासित भइरहेको हुन्छ ।

शासक र शासन व्यवस्थाको चयनमा न्यायाधीशका भूमिकामा रहनुपर्ने नागरिक नै निष्पक्ष, तटस्थ र स्वतन्त्र रहन सकेनन् भने त्यो देश असल र इमानदार नेतृत्वबाट कहिल्यै शासित हुन सक्दैन । स्वस्थ र स्वच्छ वैचारिक बहसले मात्र लोकतन्त्र संस्थागत हुन सक्छ । पछिल्लो समय भिडतन्त्रको चर्को मारमा न्यायपालिका पर्दै आएको छ । भिडतन्त्रको बढ्दो फैलावटलाई रोक्न सकिएमा मात्र लोकतन्त्रको रक्षा हुन सक्छ । (ओली महान्यायाधिवक्ता कार्यालयका सहायक न्यायाधिवक्ता हुन)

**छोरीलाई पनि छोरा सरह स्कुल पढ्न पठाऔं सामाजिक हितका लागि जनआकाश मिडियाको अनुरोध**

# (कविता )



**बिनोद कार्की ।**

दिनदिनै बेचिदैछन् आफ्नो देशको भूमी
बिर गोर्खालीको सन्तान हौ झुक्दैनौ हामी
भष्टाचारी बिकृतिले मौलाइ राछ देश
गणतन्त्र लोकतन्त्र कता पुग्यो भनत ॥

युवा जति सबै बिदेश केको बिकास हुन्छ
किन होला जहाँ गएनी नेपाली अप्ठयारो मै पर्छ
आफ्नो देश भन्दाभन्दै अभावको खडेरी चल्यो
आफ्नो देश त्याग्नेको भबिष्य बन्यो ॥

आफ्नै देशमा केही गरुत भबिष्यको डर
नेपालीले नेपाललाई नचिन्ने काठमाडौं सहर
ठुला-ठुला सपना मात्र कति देख्ने आमा
आफ्नो देशमा गरीखान भिर्नुपर्छ राजनीति जामा ॥

नेताको भाषण सुन्दासुन्दा कानै पाकि सक्यो
माईतिघरमा जिन्दवाद र मुर्दावादको बिरोध ऱ्याली चलीसक्यो
गाउँघर नै सुन्सान भयो कोही छैनन् युवा
आफ्नै देशमा केही गर्न युवा सबै जुट ॥

# 'ए ढाक्रे दाई' साउन ५ गतेबाट प्रदर्शन हुँदै




काठमाडौं । करिब ६० वर्ष अघिको ढाक्रे जीवनशैलीमा आधारित रहेको फिल्म 'ए ढाक्रे दाई' आगामी साउन ५ गतेबाट प्रदर्शनमा आउने भएको छ । शुक्रबार पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो ।

फिल्मले नेपालको तत्कालिन ग्रामीण जीवनलाई जीवन्त रुपमा प्रस्तुत गरेको र त्यो अहिलेको युवापुस्ताले बुझ्न आवश्यक रहेको निर्देशक तथा निर्माता निरंजन कसजू (माइला)ले बताए ।' जतिबेला यातायातको सुविधा थिएन, त्यसबेला पहाडबाट महिनौं हिंडेर ढाक्रेहरु बटौली बजार २०१६ सालमा बुटवल-खस्यौली नगरपालिका नाम राखियो आउथे र जडीबुटी, घिउ, भटमासहरु आदि त्यहाँ बेचेर नुन, तेल, लत्ता कपडा जस्ता अत्यावश्यक सामाग्रीहरु किनेर लान्थे,' निर्देशक कसजू भन्छन्, 'हाम्रा अग्रजहरुले खेपेको सोही जीवन भोगाइलाई फिल्ममा प्रस्तुत गरेको छ ।'

आरआर फिल्म्सले वितरण गर्ने फिल्ममा ध्रुव कोइराला, मिनुज रानामगर, माया थामी, उषा फौजा आदिको अभिनय छ । फिल्ममा सुमन थापा र विनोद चौधरीको छायांकन, सुरेश सेन्चुरीको संगीत, एन के एम र तेजप्रसाद पाण्डेको शब्द, विजय पोखरेल र विनोद चौधरीको सम्पादन, लोकेन्द्र शाह र एन के एमको कोरियोग्राफी छ ।

# ट्रकको ठक्करबाट दुई जनाको मृत्यु

काठमाडौं । झापा स्थित पूर्वपश्चिम राजमार्गको शिवसताक्षी-९ स्थित भालुखोलामा पूर्वबाट पश्चिमतर्फ गइरहेको प्र १-०२-०० क ३८७९ नम्बरको ट्रक र विपरीत दिशाबाट आइरहेको प्र १-०१-००च ७४८२ नम्बरको कार एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कारमा सवार मोरङ उर्लाबारी नगरपालिका-६ बस्ने ४५ वर्षीय गुरुचन चौधरी र उनकै छोरी १८ वर्षीया कुमकुम चौधरी रहेको प्रहरीले जनाएको छ । गुरुचनको छोरा १० वर्षीय विवेक चौधरी, रतुवामाई नगरपालिका-१० का १९ वर्षीय रिकेश न्यौपाने, उर्लाबारी-७ का ४० वर्षीया मुना साह घाइते भएको प्रहरी प्रवक्ता रिजालले जानकारी दिए ।

विषादीको प्रयोगमा सचेत बनौं

विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु,

- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु।
- नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक-वाकी लाग्नु, बान्ता हुनु र निद्रा नपर्नु।
- हिंड्दा लड्खडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अभिनय सिक्ने तयारीमा पल



काठमाडौं । एक घटनाको कारण एक वर्ष जेल जीवन बिताएर फर्किएका अभिनेता पल शाहले यतिबेला लगाम लगाएको घोडा जस्तै म्यूजिक भिडियोलाई मात्र समय दिइरहेका छन् । गएको दुई महिनामा उनका आधा दर्जनभन्दा बढी म्यूजिक भिडियो सार्वजनिक भैसकेका छन् भने त्यही संख्यामा रिलिजको तयारीमा छन् । विदेशमा हुने सांगीतिक कार्यक्रमहरुमा पनि उनको व्यस्तता बढ्न थालेको छ ।अब भने उनी फिल्मलाई समय दिने योजनामा रहेका छन् । फिल्मकै लागि उनले अभिनय पनि सिक्दैछन् । मंगलबार हङकङबाट नेपाल फर्किने क्रममा त्यहाँको एक युट्युब च्यानलसँगको अन्तर्वार्तामा पलले आफूले वचन दिइसकेका केही म्यूजिक भिडियोमा काम गरेपछि असार दोस्रो हप्ताबाट फिल्मलाई समय दिने बताएका छन् । त्यस फिल्मको कथा विकास सुवेदीले लेखिरहेका छन् ।

उनले भने, 'म नेपाल फर्किएको १०/१५ दिन म्यूजिक भिडियोमा नै काम गर्छु । असारको दोस्रो हप्ताबाट फिल्मलाई समय दिनेछु । मेरो नयाँ फिल्मको स्क्रिप्टको 'फर्स्ट ड्राफ' सकिएको छ । म अभिनयको कक्षा पनि लिँदैछु ।' उनले कलाकार तथा निर्देशक अनुप बरालबाट अभिनय सिक्न लागेका हुन् । फिल्मको छायांकन भदौबाट हुने र तिहारपछि प्रदर्शनमा आउने पल बताउँछन् ।

पलले आफ्नै प्रोडक्सन हाउसको फिल्मबाट कमब्याक गर्न लागेको चर्चा छ । यस विषयमा स्पष्ट पार्दै उनले भने, 'म पहिला आफ्नै होम प्रोडक्सनको फिल्म गर्ने सोचमा थिएँ । तर, त्यो फिल्मको कथामा अझै रिसर्च गर्नुपर्ने भएकाले अहिलेलाई बाहिरी ब्यानरको फिल्म गर्दैछु । मेरो प्रोडक्सन हाउसमा बन्न लागेको फिल्म र अब गर्न लागेको फिल्मको लेखक (विकास सुवेदी) एउटै हुनुहुन्छ ।'

फिल्म सामाजिक कथामा बन्ने र त्यसमा प्रेमकथा पनि हुने उनले प्रस्ट्याए । यो फिल्म रिलिज भएपछि होम प्रोडक्सनको फिल्मलाई अगाडि बढाउने योजनामा पल छन् । उनले आगामी भदौमा गर्न लागेको अनटाइटल प्रोजेक्टलाई 'नोभेम्बर रेन' फेम्ड निर्देशक दिनेश राउतले निर्देशन गर्ने निश्चित भैसकेको छ । पलको होम प्रोडक्सनको फिल्मलाई पनि दिनेशले नै निर्देशन गर्ने सम्भावना छ ।

# राष्ट्रिय सहकारी बैंकद्वारा गण्डकी प्रदेशका १७ सहकारी पुरस्कृत

काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडले गण्डकी प्रदेशका १७ वटा सहकारी संस्थालाई पुरस्कृत गरेको छ । गत पुसमा सम्पन्न बैंकको १६ औं वार्षिक साधारण सभामा विभिन्न विधामा पुरस्कारका लागि छनोट भएका सहकारीहरुलाई सोमबार पोखरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिएको हो । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरे र बैंकका अध्यक्ष के.बी.उप्रेतीले पुरस्कृत संस्थाका पदाधिकारीहरुलाई प्रशंसापत्र सहित पुरस्कार प्रदान गर्नु भएको थियो । पुरस्कृत हुने संस्थाहरुमा महिलाद्वारा सञ्चालित सहकारी मध्ये राष्ट्रिय स्तरको पुरस्कार शिवमन्दिर महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कावासोतीलाई प्रदान गरिएको थियो ।



यस्तै प्रदेश स्तरमा उत्कृष्ट हुने वचत तथा ऋण सहकारी मध्येबाट फेवा वचत तथा ऋण सहकारी सस्था लिमिटेड पोखरा र वचत तथा ऋण बाहेकका सहकारी मध्येबाट सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड गलकोट बागलुङलाई पुरस्कृत गरिएको छ । आर्थिक वर्ष २०७८/०७९ मा बैंकसंग उत्कृष्ट र नियमित कारोबार गर्ने संस्थाहरु मध्ये शाखा स्तरीय पुरस्कार बाट दमौली शाखामा उत्कृष्ट कारोबार गर्ने भिमाद वचत तथा ऋण सहकारी संस्था लिमिटेड भिमाद तनहुँ र नियमित कारोबार गर्ने विधामा शिवकालिका वचत तथा ऋण सहकारी संस्था लिमिटेड व्यास-२, तनहुँ पुरस्कृत भएका छन् ।

पोखरा शाखामा उत्कृष्ट कारोबार गर्ने दुधपोखरी वचत तथा ऋण सहकारी संस्था लिमिटेड कास्की र नियमिततर्फ द गोर्खाज वचत तथा ऋण सहकारी संस्था लिमिटेड कास्कीलाई पुरस्कृत गरिएको छ । यस्तै वालिङ शाखामा उत्कृष्ट कारोबार गर्ने मिलन वचत तथा ऋण सहकारी संस्था लिमिटेड वालिङ, स्याङ्जा र नियमिततर्फ बोलबम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड वालिङ स्याङ्जालाई पुरस्कृत गरिएको थियो । बागलुङ शाखामा उत्कृष्ट कारोबार गर्ने बेनी वचत तथा ऋण सहकारी संस्था लिमिटेड म्याग्दी र नियमिततर्फ साझा चौतारी युवा उद्यमशिल सहकारी संस्था लिमिटेड बागलुङ पुरस्कृत भएका छन् ।

यस्तै पुतलीबजार शाखामा उत्कृष्ट कारोबार गर्ने सुर्योदय वचत तथा ऋण सहकारी संस्था लिमिटेड पुतलीबजार स्याङ्जा र नियमित तर्फ जयजनता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड पुतलीबजार स्याङ्जा पुरस्कृत भएका छन् । तालचोक शाखामा उत्कृष्ट कारोबार गर्ने लेखनाथ वचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-२६ कास्की र नियमिततर्फ लेखनाथ सामुदायिक वचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-२७ कास्की पुरस्कृत भएका छन् ।

कावासोती शाखामा उत्कृष्ट कारोबार गर्ने मध्यनेपाल वचत तथा ऋण सहकारी संस्था लिमिटेड देवचुली नवलपुर र नियमिततर्फ सिर्जनशिल वचत तथा ऋण सहकारी संस्था लिमिटेड कावासोती नवलपुर पुरस्कृत भएका छन् । बैंकका संस्थापक अध्यक्ष स्वर्गीय राजेशहरि जोशीको नाममा स्थापना गरिएको संस्थापक अध्यक्ष सञ्चालक सम्मानबाट गण्डकी वचत तथा ऋण सहकारी संस्था गैडाकोट नवलपुरका गोविन्द सुवेदीलाई नगद २५ हजार सहित सम्मान गरिएको थियो । बैंकले प्रवाह गर्ने कर्जा कारोबारमा उत्कृष्ट संस्थाहरु मध्येबाट मिलिजुली महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कावासोती नवलपुरलाई उत्कृष्ट ऋणी संस्था (ग्रीनकार्ड) प्रदान गरिएको थियो ।

# राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले आफ्नो पहिलो वार्षिकोत्सव मनाउँदै

काठमाडौं । आज राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले आफ्नो पहिलो वार्षिकोत्सव मनाउँदै छ । सो अवसरमा रास्वपाले बालाजुस्थित केन्द्रीय कार्यालयमा चियापान कार्यक्रमको आयोजना गरेको छ ।



पार्टी स्थापना दिवसको अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायत राजनीतिक दलका शीर्ष नेतालाई आमन्त्रण गरिएको पार्टीले जनाएको छ । उक्त चियापान कार्यक्रममा पूर्व प्रधानमन्त्री, मन्त्री, संवैधानिक निकायका प्रमुख, कूटनीतिक नियोगका प्रतिनिधिलगायत उपस्थित हुने बुझिएको छ । चियापान रास्वपाले बालाजुस्थित नयाँ पार्टी कार्यालयमा दिउँसो १ बजेदेखि सुरु हुनेछ ।

# ललितपुर गोदावरी नगरपालिकाको बजेट २ अर्ब ३३ करोड

काठमाडौं । ललितपुरको गोदावरी नगरपालिकाले आर्थिक वर्ष २०८०र८१ का लागि दुई अर्ब ३३ करोड रुपैयाँको वार्षिक बजेट ल्याएको छ । उपप्रमुख मुना अधिकारीले नगरसभामा प्रस्तुत




गरेको बजेटले पूर्वाधार विकासमा ३५ करोड , स्वास्थ्य क्षेत्रमा ३ करोड , शिक्षामा ५ करोड रुपैयाँ छुट्याएको छ । सम्पदा संरक्षण, खानेपानी, खेलकुद तथा खेल पूर्वाधार निर्माण, दमकल खरिद, नगर बस संचालनका लागि २२ करोड बजेट छुट्याइएको छ ।

नगरपालिकाले कृषितर्फ १ करोड ५० लाख बजेट विनियोजन गरेको उप प्रमुखले नगरसभामा प्रस्तुत गरेको बजेट तथा कार्यक्रममा उल्लेख छ । गोदावरी नगरपालिकामा रहेको १४ वटा वडामध्ये धेरैजसो वडाहरु कृषि उत्पादनका लागि योग्य जमिन भएका वडा छन् । नगर भित्रका वडाहरुका लागि प्रति वडा १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

सडक बत्तीका लागि ३ करोड, फोहोर मैला व्यवस्थापन, तरकारी बजार सञ्चालन, स्वरोजगार कार्यक्रम, सिंचाइ, पर्यटकीय पदमार्ग निर्माण र सूचना प्रविधिका लागि १ /१ करोड रुपैयाँ विनियोजन गरेको बजेट तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

गोदावरी नगरपालिकाका प्रमुख गजेन् महर्जनले स्वास्थ्य र शिक्षासँगसँगै पूर्वाधारलाई यो बजेटले प्राथमिकता दिएको बताए ।

चट्याङको समयमा सतर्क रहौं ।

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौं,०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ प्रेस